# द्विपक्षीय आदानप्रदानहरू




## भारतका पर्यावरण, वन एवम् जलवायु परिवर्तन मन्त्री श्री भूपेन्द्र यादवको नेपाल भ्रमण (मिति २०८२ जेठ १–३)

‘जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य’ विषयमा नेपाल सरकारले मिति २०८२ जेठ २–४ गतेसम्म काठमाडौंमा आयोजना गरेको “सगरमाथा संवाद” को पहिलो संस्करणमा सहभागी हुन भारतका माननीय पर्यावरण, वन एवम् जलवायु परिवर्तन मन्त्री श्री भूपेन्द्र यादवले मिति २०८२ जेठ १–३ गतेसम्म नेपालको औपचारिक भ्रमण गर्नुभयो । माननीय मन्त्रीले नेपालका सम्माननीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओलीसँग शिष्टाचार भेटवार्ता गर्नुभयो साथै सगरमाथा संवादको साइडलाइनमा माननीय मन्त्रीले नेपालका परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा र वन तथा वातावरण मन्त्री श्री ऐनबहादुर शाही ठकुरीसँग भेट गर्नुभयो ।

**थप पढ्नुहोस्**



## सुदूरपश्चिमका माननीय मुख्यमन्त्री श्री कमल बहादुर शाहको नेतृत्वमा प्रतिनिधिमण्डलको भारत भ्रमण (मिति २०८२ वैशाख १६–२२)

सुदूरपश्चिमका माननीय मुख्यमन्त्री श्री कमल बहादुर शाहको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलले मिति २०८२ वैशाख १६–२२ गतेसम्म भारतको औपचारिक भ्रमण गरेको थियो । प्रतिनिधिमण्डलले भारतका उत्तराखण्ड र उत्तर प्रदेश राज्यहरुको पनि भ्रमण गरेको थियो जसले नेपालको सुदूरपश्चिम प्रदेशसँग घनिष्ठ सांस्कृतिक र आर्थिक सम्बन्ध साझा गर्दछन् ।

**थप पढ्नुहोस्**



## ‘सगरमाथा संवाद’ को आयोजनालाई सहज बनाउन भारतद्वारा नेपाललाई १५ वटा विद्युतीय सवारी साधन उपहारस्वरुप प्रदान

मित्रता र सद्भावनाको एक महत्वपूर्ण सङ्केतको रुपमा काठमाडौंमा मिति २०८२ जेठ २–४ गतेसम्म आयोजना भएको सगरमाथा संवादको पहिलो संस्करणको प्रभावकारी आयोजनालाई सहज बनाउन नेपाल सरकारलाई लजिस्टिक सहयोग हेतु भारतको उपहारस्वरुप नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले मिति २०८२ वैशाख २८ गते नेपाल सरकारका माननीय परराष्ट्रमन्त्री डा. आरजु राणा देउवालाई १५ वटा विद्युतीय सवारी साधन हस्तान्तरण गर्नुभयो ।

**थप पढ्नुहोस्**



## त्रिभुवन विश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धान केन्द्र (सिनास) मा भारतीय अध्ययनको आईसीसीआर चेयरको नवीकरणका लागि समझदारी पत्रमा हस्ताक्षर

आईसीसीआरको तर्फबाट नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले मिति २०८२ वैशाख ३१ गते त्रिभुवन विश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धान केन्द्र (सिनास) सँग भारतीय अध्ययनको आईसीसीआर चेयरको नवीकरणका लागि समझदारी पत्रमा हस्ताक्षर गर्नुभयो । यो नवीकरण सन् २०२२ मेमा माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीको भ्रमणको क्रममा हस्ताक्षर गरिएको मूल समझदारी पत्रमा आधारित छ जसले त्रिभुवन विश्वविद्यालयको सिनासमा आईसीसीआर चेयर स्थापना गर्‍यो ।

**थप पढ्नुहोस्**

# विकास साझेदारी



## नेपालको बाजुरा जिल्लाको मुक्तिकोटमा खाद्यान्न सङ्कलन तथा वितरण केन्द्रको लागि कृषि प्रवर्द्धन केन्द्रको भवन निर्माणको शिलान्यास

बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकामा कृषि प्रवर्द्धन केन्द्रको भवन निर्माण हेतु मिति २०८२ जेठ १४ गते भारत र नेपालका प्रतिनिधिहरुले संयुक्त रुपमा शिलान्यास गरे । 'नेपाल–भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको आर्थिक सहयोग नेरु. ३.१४१ करोड लागतमा यस उच्च प्रभाव सामुदायिक विकास परियोजनाको निर्माण हुँदैछ ।

**थप पढ्नुहोस्**



## उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको अछाम जिल्लाको साँफेबगर नगरपालिकास्थित श्री महेन्द्र माध्यमिक विद्यालयका लागि निर्मित विद्यालय भवनको हस्तान्तरण

अछाम जिल्लाको साँफेबगर नगरपालिकास्थित श्री महेन्द्र माध्यमिक विद्यालयका लागि निर्माण गरिएको विद्यालय भवन मिति २०८२ जेठ १७ गते औपचारिक रुपमा भारत र नेपालका प्रतिनिधिहरुले संयुक्त रुपमा श्री महेन्द्र माध्यमिक विद्यालयको व्यवस्थापनलाई हस्तान्तरण गरे । 'नेपाल–भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको आर्थिक सहयोग नेरु ३.२४ करोड लागतमा यस उच्च प्रभाव सामुदायिक विकास परियोजनाको निर्माण गरिएको हो ।

**थप पढ्नुहोस्**

# सांस्कृतिक र जनता–जनताबीचको संलग्नता



## लुम्बिनीमा बुद्ध जयन्ती महोत्सव

बुद्ध पूर्णिमाको पावन अवसरमा मिति २०८२ वैशाख २८ गते लुम्बिनी विकास कोषसँगको सहकार्यमा काठमाडौंस्थित भारतीय राजदूतावासले भगवान् बुद्धको जीवन र शिक्षामा आधारित दूतावासद्वारा समर्थित विद्यालयका विद्यार्थीहरुले तयार पारेका चित्रहरुको प्रदर्शनी आयोजना गर्‍यो । उक्त प्रदर्शनीको उद्घाटन नेपालका माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डे र नेपालका लागि भारतीय राजदूत महामहिम नवीन श्रीवास्तवले संयुक्त रुपमा गर्नुभएको थियो ।

**थप पढ्नुहोस्**




## भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (आईसीसीआर) र भूतपूर्व विद्यार्थी सम्मेलनको ७५ औं वार्षिकोत्सव

आईसीसीआरको ७५ औं वार्षिकोत्सवको अवसरमा भारतीय राजदूतावास, काठमाडौंस्थित स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८२ वैशाख २१ गते सांस्कृतिक साँझ र भूतपूर्व विद्यार्थी सम्मेलनको आयोजना गर्‍यो । कार्यक्रममा नेपालका भूतपूर्व सम्माननीय राष्ट्रपति डा. रामवरण यादव प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका विद्यार्थीहरु र आईसीसीआर भूतपूर्व विद्यार्थीहरुले प्रस्तुति दिँदै संगीत र नृत्यको माध्यमबाट भारत–नेपाल मित्रताको उत्सव मनाइएको थियो ।

**थप पढ्नुहोस्**



## ईसीएचएस पोलिक्लिनिक काठमाडौंमा योग सत्र

अन्तर्राष्ट्रिय योग दिवस आउन ५० दिन बाँकी रहँदा काठमाडौंस्थित भारतीय राजदूतावासले ईसीएचएस पोलिक्लिनिक काठमाडौंमा मिति २०८२ वैशाख १९ गते एक योग सत्रको आयोजना गर्‍यो । कार्यक्रममा भारतीय सेनाका भूतपूर्व सैनिकहरु र योगमा रुचि राख्नेहरुको सहभागीता रहेको थियो ।

**थप पढ्नुहोस्**



## नेपाली सेनाको मुख्यालयको मैदानमा योग सत्रको आयोजना

अन्तर्राष्ट्रिय योग दिवस आउन २५ दिन बाँकी रहँदा काठमाडौंस्थित भारतीय राजदूतावासलेनेपाली सेनासँगको सहकार्यमा काठमाडौंस्थित नेपाली सेनाको मुख्यालयको मैदानमा एक योग सत्रको आयोजना गर्‍यो । उक्त कार्यक्रममा नेपाली सेनाका कर्मचारी र दूतावासका अधिकारीहरूको उत्साहजनक सहभागीता रहेको थियो ।

**थप पढ्नुहोस्**




## भारत-नेपाल सेनाद्वारा संयुक्त रूपमा कञ्चनजङ्घाको आरोहण

भारतीय सेनाका चार सैनिकहरू सहित कर्णेल सरफराज सिंह र नेपाली सेनाका तीन सैनिकहरू सहित क्याप्टेन प्रशान्त खंकाको नेतृत्वमा रहेको संयुक्त पर्वतारोहण अभियानले मिति २०८२ जेठ ५ गते कञ्चनजङ्घा हिमाल सफलतापूर्वक आरोहण गर्‍यो ।

**थप पढ्नुहोस्**



## राष्ट्रिय क्याडेट कोर अभियान टोलीद्वारा सगरमाथाको आरोहण

भारतीय सशस्त्र बलको युवा प्रभाग राष्ट्रिय क्याडेट कोर अभियान टोलीले मिति २०८२ जेठ ४ गते भारतीय समयअनुसार बिहान ४:४५ बजे सगरमाथाको आरोहण गर्‍यो ।

**थप पढ्नुहोस्**



## भारतीय सेनाका पर्वतारोहीहरूद्वारा सगरमाथाको आरोहण

लेफ्टिनेन्ट कर्नेल भानु पाठकको नेतृत्वमा २२ जना भारतीय सेनाका पर्वतारोहीहरूले मिति २०८२ जेठ १३ गते सफलतापूर्वक सगरमाथाको आरोहण गरे ।

**थप पढ्नुहोस्**



## सीआईएसएफकी सब-इन्स्पेक्टर गीता समोताद्वारा सगरमाथाको आरोहण

उदयपुर विमानस्थलको केन्द्रिय औद्योगिक सुरक्षा बल (सीआईएसएफ) इकाईकी सब-इन्स्पेक्टर गीता समोताले मिति २०८२ जेठ ५ गते विश्वको सर्वोच्च शिखर सगरमाथा (८,८४८ मिटर) सफलतापूर्वक आरोहण गर्नुभयो । वहाँ केन्द्रिय औद्योगिक सुरक्षा बलको ५२ वर्षको इतिहासमा सगरमाथा आरोहण गर्ने पहिलो महिला अधिकारी हुनुभएको छ ।

**थप पढ्नुहोस्**




## भारतीय राजदूत क्रिकेट प्रतियोगिताको पहिलो संस्करण

काठमाडौंस्थित भारतीय दूतावासले मिति २०८२ जेठ १७ गते त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा भारतीय राजदूत क्रिकेट प्रतियोगिताको पहिलो संस्करण सुरुवात गर्‍यो । उक्त प्रतियोगिताको उद्घाटन नेपालका लागि भारतीय राजदूत, नेपाल सरकारको परराष्ट्र मन्त्रालयका सहसचिव (दक्षिण एसिया महाशाखा) र नेपालका लागि बेलायती राजदूतले गर्नुभएको थियो ।

**थप पढ्नुहोस्**

# भारतमा भएका विकासहरु




## वर्ल्ड अडियो भिजुअल एण्ड इन्टरटेनमेन्ट समिट (वेभ्स) (मिति २०८२ वैशाख १८–२१)

मिति २०८२ वैशाख १८–२१ गतेसम्म भारत सरकारले मुम्बईमा पहिलो वेभ्स शिखर सम्मेलन आयोजना गरेको थियो । उक्त शिखर सम्मेलनमा नेपालबाट सरकारी, मिडिया, चलचित्र, सोसल मिडिया इन्फ्ल्युएन्सर्स, र एनिमेसन उद्योगका गरी १९ जना वरिष्ठ प्रतिनिधिहरुले सहभागीता जनाएका थिए ।

**थप पढ्नुहोस्**



## आयुषलाई वैश्विक मूलधारामा ल्याउन भारत र विश्व स्वास्थ्य संगठनबीच साझेदारी

परम्परागत औषधि प्रणालीको वैश्विक स्थितिलाई बदल्न तयार एक ऐतिहासिक विकासमा भारत सरकारको आयुष मन्त्रालय र विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) बीच मिति २०८२ जेठ १० गते एक सम्झौतामा हस्ताक्षर भयो । यस सम्झौतासँगै इन्टरनेशनल क्लासिफिकेशन अफ हेल्थ इन्टरभेन्सन (आईसीएचआई) अन्तर्गत समर्पित परम्परागत औषधि मोड्युलमा कामको सुरुवात भएको छ ।

**थप पढ्नुहोस्**





## भारत सेमीकन्डक्टर मिशन अन्तर्गत उत्तर प्रदेशमा छैठौं सेमीकन्डक्टर इकाईको स्थापना

मिति २०८२ वैशाख ३१ गते प्रधानमन्त्री श्री नरेन्द्र मोदीको अध्यक्षतामा बसेको केन्द्रीय मन्त्रिपरिषद्ले भारत सेमीकन्डक्टर मिशन अन्तर्गत उत्तर प्रदेशमा छैठौं सेमीकन्डक्टर इकाई स्थापना गर्न सहमति दियो । पाँच सेमीकन्डक्टर इकाईहरु पहिले नै निर्माणको एडभान्स्ड स्टेजमा रहेका छन् । यस छैठौं इकाईसँगै भारत रणनीतिक रुपमा महत्वपूर्ण सेमीकन्डक्टर उद्योगको विकास गर्ने दिशामा थप प्रगति गरिरहेको छ ।

**थप पढ्नुहोस्**

## चाँडै आउँदै

### ११ औं अन्तर्राष्ट्रिय योग दिवस




मिति २०८२ असार ७ गते ११ औं अन्तर्राष्ट्रिय योग दिवस २०२५ विश्वव्यापी रूपमा मनाइनेछ । अन्तर्राष्ट्रिय योग दिवस २०२५ को विषयवस्तु 'एक पृथ्वी, एक स्वास्थ्यको लागि योग' रहेको छ ।

**थप पढ्नुहोस्**